नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

हुलाक सेवा विभाग

## हुलाक प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौ

## काठ/दउरा लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

सूचना नं.:-०१

प्रथम पटक प्रकाशित मिति २०८२।१०।२२

हुलाक प्रशिक्षण केन्द्रको बबरमहल स्थित निर्माणाधीन भवन परिसरमा रहेका साविकको पुरानो भवन भत्काउँदा निस्किएका र कार्यालयको लागि पुनः प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएका काठ/दाउरा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गरी ८ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुहुन काठ/दाउरा खरिद बिक्री गर्न अनुमति प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्न आव्हान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा काठ/दाउरा हेर्न चाहेमा यस कार्यालयको प्रशासन तथा प्रकाशन शाखामा सम्पर्क राख्न अथवा मोवाईल नं. ९८४२१५६७२५ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

१. लिलाम बिक्री हुने काठ/दाउराको न्यूनतम कायम मूल्य रु. ५९२५०।९० (अक्षरेपी उन्साठी हजार दुईसय पचास रुपैयाँ पैसा नब्बे मात्र) रहेको छ।

२. काठ/दाउरा खरिद बिक्री गर्न अनुमति प्राप्त इच्छुक बोलपत्रदाताहरुले हुलाक प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौको प्राशासन तथा प्रकाशन शाखाबाट आवश्यक जानकारी प्राप्त गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

३. काठ/दाउरा खरिद बिक्री गर्न अनुमति प्राप्त इच्छुक बोलपत्रदाताले २०८२।१०।२८ गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००। (एक हजार रुपैया मात्र) रकम कार्यालयको कार्यालय कोड नं. ३५८०३३५०४ राजश्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा काठ दाउराको करोवार गर्ने अनुमतिपत्र लगायतका कागजात संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गरिसक्नुपर्नेछ।

५. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८ औं दिनको २:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. लिलाम बिक्री गरिने काठ/दाउरा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहलसँगै निर्माणाधीन भवनको परिसरभित्र रहेकोले हेर्न चाहने बोलपत्रदाताले आफैं गएर हेर्न वा कार्यालय समयभित्र यस कार्यालयको प्राशासन तथा प्रकाशन शाखामा सम्पर्क राख्न सकिनेछ।

७. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल राष्ट्र बैङ्क, थापाथली शाखामा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरी सोको सक्कलै बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा नब्बे दिन म्याद भएको नियमानुसारको सक्कलै बैङ्क जमानत पेश गर्नु पर्नेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

९. अन्य कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियम र प्रचलित नेपाल कानून बमोजिम हुनेछ।